मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ५९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ पुस ३० गते शुक्रवार (Friday, January 14. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## पेस्तोल बोक्ने चार जना पक्राउ

**सुनसरी, पुस २९।** जिल्ला प्रहरी कार्यालय सुनसरीले २ थान पेस्तोल र ४ राउण्ड गोलीसहित ४ जनाको समूहलाई पक्राउ गरेको छ ।

सुनसरीको इनरुवा नगरपालिका क्षेत्रमा हातहतियार सहित केही ब्यक्तिहरु रहेको भन्ने गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट सादा पोशाकमा खटिएको प्रहरी टोलीले ४ जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा हरिनगर गाउँपालिका -७ घुस्कीका २० बर्षीय सबिर मिया, ३१ बर्षीय सवरेज

(बाँकी अन्तिम पृष्ठमा)

# पहिचान बन्दै 'भाक्का'

**बिनोद पाण्डे**

**चारपाने, पुस २९।** आहा ! भाक्का । तराईमा चिसो शुरु हुनासाथ बिहान बेलुका सडक किनार तथा चोक-चोकमा महिलाहरुलाई भाँडो, दाउरा, चुल्हासहित देख्न सकिन्छ ।

विभिन्न स्थानबाट आएका मानिसहरु तिनै महिलालाई मलाई पनि एउटा भन्दै चट्नीको स्वादसँगै भाक्का खाइरहेको दृश्य देख्न पाइन्छ । नेपालको पूर्वी तराई झापामा पनि यस्तै दृश्यहरु मंसीर अन्तिम साताबाटै प्रशस्त देखिन्छ । तर, शुक्रबार भने झापाको बिर्तामोडस्थित सिटी सेन्टर परिसरमा कोभिड त्रासका बीच पनि थुप्रै मानिसहरुको जमघट, भेटघाट चलिरहेको थियो ।




आदिवासी र पहाडिया समुदायका मानिसहरु सराबरी भेला भएका थिए । मञ्चमा नृत्य, गीत, कविता वाचन र मन्तव्यहरु चलिरहेको थियो । टाइसुट लगाएका विद्यार्थी र मौलिक भेषभुषामा सजिएका युवाहरुको पनि चहलपहल राम्रै थियो । राजनीति दलका नेताहरु, सामाजिक संघ-संस्थाका प्रमुखहरुको उपस्थितिले कार्यक्रमको ओझ बढाएको सहजै महशुस गर्न सकिन्थ्यो । कार्यक्रम के थियो भन्ने कौतुहलता पढ्नेहरुमा उत्पन्न हुनु स्वभाविक नै हो ।

सयौंको उपस्थिति, भव्य मञ्च, विभिन्न व्यवसायिक प्रतिष्ठनका होर्डिङबोर्ड व्यानरले सिटी सेन्टर सजाइएको थियो । खण्ड-खण्डमा राखिएका गोलाकारका टेवल र कुर्सीको व्यवस्थापनले उपस्थित भएका आमन्त्रितहरुले सहज रुपमा बसेर कार्यक्रमको अवलोकन गरेका थिए । अझ उभिएर र यता-उता हिँड्डुल गरेर कार्यक्रम परिसरलाई चलायमान बनाउनेहरुको संख्या अझ धेरै रहेको थियो । आमान्त्रित र बटुवाको रुपमा आइपुगेका सयौंलाई ३५ जना महिलाहरु मिलेर मौलिक परिकार ध्यानमग्न भएर पकाई रहेका थिए । रससहितको माछाको परिकार र बैगुनको चोखा, टमाटरको चटनी खुवाउनु र खानु नै कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो । त्यसका लागि करिब सय जना स्वयम्सेवकहरु खटिएका थिए ।

यस्तो कार्यक्रम बिगत ५ बर्षदेखि हुँदै आएको थियो तर वृहत् रुपमा भने गत बर्षबाट शुरु गरिएको हो । ५औं राष्ट्रिय भाक्का दिवसको अवसरमा विहीवार बिर्तामोडमा आयोजित कार्यक्रम हो यो । राजवंशी कोच समुदायको खानाहरुमध्ये व्यवसायिक रुप लिएको परिकार भाक्काको प्रचार र भाक्का व्यवसायमा लागेका राजवंशी कोच समुदायका मानिसहरुको सम्मान र राजवंशी समुदायको परिकार भक्कालाई देशविदेशमा प्रचार गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको बताइएको छ । भाक्का दिवस कार्यक्रम राजवंशी भाषा संस्कृतिको पहिचान र एकापसमा भाइचाराको विकास गर्न शुरु गरिएको आयोजक संस्था कोचिला ग्राभुर फ्रन्टका अध्यक्ष अभय राजवंशीले बताए ।

यसपटकको भाक्का दिवसका लागि मुख्य प्रायोजन सहारा नेपाल साकोसले गरेको थियो । प्रमुख अतिथि राजवंशी समाज विकास समितिका संस्थापक अध्यक्ष फूलसिंह राजवंशी, नेपाली कांग्रेस प्रदेश १का सभापति उद्धव थापा लगायतले शुभकामना व्यक्त गरेको कार्यक्रमको सञ्चालन आयोजकका महासचिव तथा पत्रकार अर्जुन राजवंशीले गरेका थिए । कार्यक्रममा मौलिक पहिचान झल्कने पाल्की (डोली), सम्पनी गाडी, गरगहना, भेषभूषा, बाजागाजा, प्रदर्शनीमा राखिएको थियो । साथै सांस्कृतिक पहिचान झल्कने गीत, नृत्य, कविता समेत प्रस्तुत गरिएको थियो ।

गोपीकृष्ण स्मृति ग्रन्थ लोकार्पण

## अग्रज पत्रकार नकुल काजी सम्मानित



**बिर्तामोड, पुस २९।** पत्रकार तथा साहित्यकार गोपीकृष्ण खनालको स्मृतिमा प्रकाशित गोपीकृष्ण खनाल स्मृति ग्रन्थको एक समारोहकाबीच लोकार्पण गरिएको छ ।

गोपीकृष्ण स्मृति प्रतिष्ठानको आयोजनामा बिर्तामोडस्थित गोमेन्द्र कलेजमा बिहीबार आयोजित कार्यक्रममा प्रमुख आमन्त्रित खनाल सेवा समितिका अध्यक्ष हेमप्रसाद खनाल, आमन्त्रित शिक्षासेवी गणेशप्रसाद खनालले स्मृति ग्रन्थको लोकार्पण गरेका थिए ।

प्रतिष्ठानद्वारा स्थापित गोपीकृष्ण स्मृति पत्रकारिता पुरस्कार पहिलोपटक सोही समारोहकाबीच अग्रज पत्रकार नकुल काजीलाई प्रदान गरिएको थियो । पचास हजार रुपैयाँ राशिको सो पुरस्कार प्रतिष्ठानकी संरक्षक तथा खनालकी धर्मपत्नी रुपादेवी खनाल, प्रमुख आमन्त्रित व्यक्तित्व लगायतले समर्पण गरेका थिए । कार्यक्रममा कमल भट्टराई र नरेन्द्र पराजुलीलाई प्रोत्साहन पुरस्कार प्रदान गरिएको थियो ।

प्रतिष्ठानका अध्यक्ष खगेन्द्र खनालको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा स्वागत प्रष्तिष्ठानकी उपाध्यक्ष नैनकलला भट्टराईले गरेकी थिइन् ।

प्रतिष्ठानका सचिव एवम् स्मृति ग्रन्थका प्रधान सम्पादक डा. पुण्यप्रसाद पौडेलले कार्यक्रमको

(बाँकी अन्तिम पृष्ठमा)

## अमेरिका जाने लोभमा पर्दा...

**झापा, पुस २९।** अमेरिका जाने लोभमा पर्दा दुई व्यक्तिको रु. ३४ लाख रकम डुबेको छ भने आफैं मानव बेचबिखनको जालोमा फस्न पुगेका छन् । उनीहरु अहिले न्याय खोज्न प्रहरीको शरणमा पुगेका छन् ।

मानिस बेचबिखन गरेको आरोप लागेका दाङ घर भई हाल काठमाडौंको तारकेश्वर नगरपालिका बस्ने एक दम्पत्तिमध्ये श्रीमती सुधा देवकोटा पक्राउ परे पनि श्रीमान् मुक्तिनारायण केसी अझै फरार छन् । अदालतको आदेशले देवकोटा भने पुर्पक्षका लागि जेल चलान भएको प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोले जनाएको छ ।

उनीहरुबिरुद्ध विभिन्न मितिमा दुई पीडित व्यक्तिको जाहेरी परेको थियो । उनीहरुले अमेरिकामा मासिक तीन लाख तलब हुने लोभ देखाएर रु. २७ लाख मागेका थिए । एक पीडितबाट उनीहरुले पटक-पटक गरी रु. १९ लाख लिएको समेत खुल्न आएको छ । सन् २०१९को जनवरी २५मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट इण्डोनेशियाको बाली तथा जकार्ता पुऱ्याइ बोलेभिया हुँदै अमेरिका जाने भनी लगेका थिए । तर, विमानस्थलमा पुऱ्याउँदा सेटिङ नमिलेको भनी फर्काइए । उनीहरुले पछि पीडितलाई मेक्सिको हुँदै अमेरिका जाने भनी इथियोपिया पुऱ्याई कोठामा साढे तीन महिना बन्धक बनाएको खुल्न आएको छ ।

आफू बेचिएको थाहा पाएपछि पीडितले घरबाट टिकट मगाइ फर्किएर वि.सं. २०७६ कात्तिक २१ गते ब्यूरोमा जाहेरी दिएका थिए । यस्तै उनीहरुले अर्का एक व्यक्तिलाई पनि बेचबिखन गरेको भनी जाहेरी परेको प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले जानकारी दिए । उनीहरुले एक व्यक्तिलाई काठमाडौंको स्वयंम्भूबाट बसमार्फत भारतको नयाँ दिल्लीमा दुई महिना राखी फेरि काम नभएको भनी नेपाल फर्काएर मलेशिया हुँदै इण्डोनेसिया पुऱ्याइएको खुल्न आएको छ ।

अमेरिका लैजाने बहानामा त्यहाँ सात महिना कोठामा बन्धक बनाइएको र पछि जकार्ताको इमिग्रेशनबाट उनी पक्राउ परेका थिए । त्यसपछि उनलाई १४ दिन हिरासतमा राखेर नेपाल फर्काइएको थियो । वि.सं. २०७६ मंसीर १३ गते आएका पीडित व्यक्तिले १९ गते जाहेरी दिएका थिए । उनीबाट ती दम्पतीले रु. १५ लाख लिएको समेत

(बाँकी अन्तिम पृष्ठमा)

## नाकामा अब कडाइ: प्रजिअ

**धभद्रपुर, पुस २९।** झापाका प्रमुख जिल्ला अधिकारी छवि रिजालले जिल्लावासीको जनधनको रक्षासँगै शान्ति, सुरक्षामा कुनै कमी नआउने बताएका छन् ।

सुर्खेतबाट भर्खरै सरुवा भएर जिल्ला प्रशासन कार्यालय झापामा आएका सहसचिव रिजालले बिहीबार पत्रकारसँग गरेको संक्षिप्त भेटघाटमा यस्तो बताएका हुन् ।

सिडिओ रिजालले झापा प्रशासनलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्ने प्रतिबद्धता समेत जाहेर गरेका छन् । संघीय सरकारको मुख्य प्रतिनिधिका रूपमा रहने प्रमुख जिल्ला अधिकारी पदको गरिमा अनुसार नागरिक प्रशासनलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने उनले बताए ।

झापा प्रशासनलाई व्यवस्थित



बनाउन चोरी, तस्करी, लागूऔषध, कालोबजारी, ट्राफिक व्यवस्थापन, बजार अनुगमन जस्ता गतिविधि नियन्त्रणमा ध्यान केन्द्रित गरी जनमैत्री प्रशासनका लागि काम गर्ने प्रष्ट पार्दै उनले भने- 'तेस्रो लहरको कोरोना भाइरसको संक्रमण नियन्त्रण तथा रोकथामका लागि खुला सीमा नाकामा स्वास्थ्य सुरक्षाको मापदण्ड पालनामा

(बाँकी अन्तिम पृष्ठमा)

## 'रेड नोटिस' जारी भएका मगर साउदीबाट पक्राउ

**उदयपुर, पुस २९।** कर्तव्य ज्यान मुद्दामा १७ वर्षदेखि फरार रहेका उदयपुरको बेलका नगरपालिका-६ का ४० वर्षीय गोविन्द मगरलाई साउदी अरेबियामा पक्राउ गरी स्वदेश ल्याइएको छ ।

इन्टरपोलद्वारा 'रेड नोटिस' जारी भएका फरार मगरलाई साउदी अरेबियामा पक्राउ गरिएपछि प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाको समन्वयमा परिचालन भएको प्रहरी टोलीले बुधबार नेपाल ल्याएको हो । प्रतिवादी मगरले २०६१ मंसीर १३ गते मानबहादुर तामाङको हत्या गरेको मुद्दामा जिल्ला अदालत उदयपुरबाट पक्राउ अनुमति प्राप्त भई इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाको अनुरोधमा प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले इन्टरपोल महासचिवालयसँगको सहयोगमा खोजतलास गरेको थियो ।

प्रतिवादी मगरलाई आवश्यक कानूनी कारबाहीका लागि उदयपुरको इलाका प्रहरी कार्यालय, रामपुर ठोक्सिलालाई बुझाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

## गाईगोठमा जवरजस्ती, नमानेपछि हत्या !

**इलाम, पुस २९।** १८ बर्षीय किशोरीको हत्या गरी फरार रहेका प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय इलामले २० बर्ष पछि पक्राउ गरेको छ ।

२०५८ साल माघ ६ गते भएको हत्याको घटनामा संग्लग्न इलामको साबिक पशुपतिनगर-३का ४१ बर्षीय गोरे भनिने मनकुमार राईलाई घटनाको २० बर्षपछि यही पुस १६ गते पक्राउ गरेको हो । इलामकै कन्याम घर भई आफ्नो माइती घर आएको समयमा खुर्पाले घाँटीमा प्रहार गरी हत्या गरेको खुल्न आएको छ ।

अनुसन्धानको क्रममा घटनाको प्रकृति र पक्राउ परेका अभियुक्तले दिएको बयानको आधारमा मनकुमारले रोजिना राईको हत्या गरेको खुल्न आएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

२०५८ साल माघ ६ गते राति ८ बजेको समयमा गाइगोठमा काम गरिरहेकी रोजिनालाई मनकुमारले आफूसँगै जान आग्रह गरेको र जान नमानेपछि जबरजस्ती तानेर लगेको र त्यस क्रममा रोजिना लडेर घाइते भएको र आफूलाई थप आरोप लाग्न सक्ने भयले मनकुमारले रोजिनाको हत्या गरेको पनि अनुसन्धानको क्रममा खुल्न आएको उक्त कार्यालयले जनाएको छ ।

## होटलका कामदार मृत फेला

**ताप्लेजुङ, पुस २९।** ताप्लेजुङ सदरमुकाम फुङ्लिङमा एक भारतीय नागरिक मृत भेटिएका छन् ।

भारतको पूर्णिया जिल्ला घर भएका २१ वर्षीय दिलसुख कुमार विहीवार मृत भेटिएका हुन् ।

फुङ्लिङ नगरपालिका-५ स्थित एउटा होटलमा काम गर्दै आएका कुमार मृत भेटिएको प्रहरी नायब उपरीक्षक बालनरसिंह राणाले जानकारी दिए । राति शौचालय जाने भन्दै निस्केका उनी लामो समयसम्म नफर्किएपछि खोज्न जाँदा मृत भेटिएका थिए । कुमारको शव उनको आफन्तको जिम्मा लगाइने जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## झापामा अक्सिजन पर्याप्त

**झापा, पुस २९।** कोभिड-१९ को महामारीका बेला सङ्क्रमितको उपचारका लागि महत्वूर्ण मानिने अक्सिजन झापामा पर्याप्त मात्रामा रहेको छ ।

जिल्लाका सरकारी तथा निजी अस्पतालमा अक्सिजन प्लान्टसँगै अक्सिजन कन्सन्ट्रेटर उपकरण पर्याप्त रहेको छ । स्वास्थ्य कार्यालयका स्रोतव्यक्ति जीवन चम्लागाँईले जिल्लाका अस्पतालमा अक्सिजन बनाउने उपकरण 'अक्सिजन कन्सन्ट्रेटर' पर्याप्त रहेको जानकारी दिए । जिल्लामा अहिले अक्सिजनको अभाव छैन, प्रायः अस्पतालाले आफूलाई चाहिने अक्सिजन आफैं उत्पादन गरिरहेका छन्- उनले भने- जिल्लाका पालिकामा पनि अक्सिजन उत्पादन गर्ने उपकरण पर्याप्त छन् ।

मेची प्रादेशिक अस्पतालमा हाल दुई वटा अक्सिजन प्लान्ट स्थापना गरिएको



छ । अस्पतालमा दैनिक ३५ सिलिण्डर क्षमताको एक र ११० सिलिण्डर क्षमताको अर्को गरी दुई अक्सिजन प्लान्ट छ । अस्पताललाई चाहिने अक्सिजन यहीँ उत्पादन भइरहेको छ- अस्पतालका सूचना अधिकारी मनोज पोखरेलले भने- दुवै अक्सिजन प्लान्ट पनि एकैपटक चलाउनु परेको छैन, आवश्यकता अनुसार चलाउने गरेका छौं । उनले अस्पतालमा अक्सिजन अभाव नरहेको जानकारी दिए ।

विर्तामोडको बीण्डसी, कनकाईलगायत अस्पतालले आफूलाई चाहिने अक्सिजन आफैं उत्पादन गरिरहेको स्रोत व्यक्ति चम्लागाँईले बताए । हालै दमक अस्पतालमा प्रतिघण्टा ४० घनमिटर अक्सिजन उत्पादन गर्न सक्ने क्षमताको प्लान्ट स्थापना गरिएको छ ।

दमक नगरपालिका मातहत सञ्चालित अस्पतालमा विश्व बैंकको सहयोगमा प्लान्ट स्थापना गरिएको नगरउपप्रमुख गीता अधिकारीले जानकारी दिइन् ।

कनकाई नगरपालिकाले पनि अक्सिजन प्लान्ट स्थापनाको काम अन्तिम चरणमा पुऱ्याएको छ । नगरपालिकाले रू. एक करोड ३० लाखको लागतमा ३६ घनमिटर क्षमताको स्थापना गर्न लागेको अक्सिजन

(बाँकी अन्तिम पृष्ठमा)

**कर्मचारी आवश्यकता**

यस सेक्युरिटी सर्भिस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

(१) पद : **लेखापाल** १ जना

**योग्यता :** BBS सो सरह, कम्प्युटरमा लेखा राख्न सक्ने कम्तीमा २ वर्षको अनुभव वेटेस

**तलब :** आकर्षक साथै अन्य सुविधा (२) **सेक्युरिटी गार्ड :** (महिला/पुरुष)

**सेक्टरवान सेक्युरिटी सर्भिस**

**पश्चिम बस स्टेण्ड दक्षिण, बिर्तामोड, फोन नं. : ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६**

**बिर्तामोडमा मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

विगत १० वर्षदेखि मन्टेश्वरी तालिम सञ्चालन गर्द आएको र ५००० भन्दा बढी तालिम पश्चात शिक्षण पेशामा आवद्ध भएको यस बेष्ट फ्युचर मन्टेश्वरी ट्रेनिङ्ग सेन्टरमा विशेष छुटका साथ यही मिति २०७८/१०/०२ गते आइतबारबाट एक हप्ते, एक महिने तथा तीन महिने कोर्षमा भर्ना खुलेको जानकारी गराइन्छ । इच्छुकले आजै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस् ।

*नोटः वेष्ट फ्युचर मन्टेश्वरी स्कूलमा १८ महिनादेखि ३ वर्षसम्मका नानी-बाबुहरुका लागि Play Group मा भर्ना खुलेको जानकारी गराइन्छ ।*

सम्पर्क फोन : ०२३-५४२६४७,
मो. ९८४९२५९७२९, ९८४१८९७४४७, ९८४२१००७६०
Email : bestfuturemtcbn@gmail.com



# वासिङ मेसिन सञ्चालन सम्बन्धी प्रदर्शनी



**झापा, पुस २९।** अस्तव्यस्त सडकका कारण विहान लगाएर निस्किएको कपडा बेलुकै धुन पर्ने हुन्छ। दिन-दिनै कपडा धुने फुर्सद पनि हुँदैन यस्तो समयमा हामी बजारमा आएका विद्युतीय उपकरण प्रयोग गर्न सक्छौँ।

बढार्ने, खाना पकाउने, पानी तताउने, लुगाधुने सबै घरायसी काममा सहजता दिन आजभोलि विद्युतीय उपकरण आएका छन्। त्यसमध्ये यहाँ लुगा धुने मेसिन 'वासिङ मेसिन' पनि एक हो।

व्यस्त जीवन, एक्लैले धेरै काम गर्नुपर्ने बाध्यताले गर्दा पछिल्लो समय वासिङ मेसिनको प्रयोग बढ्दै गएको छ।

यही आवश्यकतालाई महशुस गरी सीजी कम्पनीले बिर्तामोडस्थित खड्का कम्प्लेसको साई ट्रेड कन्सर्नमा एक दिन वासिङ मेसिन सञ्चालन विधिका बारेमा जानकारी गराएको छ। यसैक्रममा बिभिन्न किसिमका मनोरञ्जनात्मक कार्यक्रम र आकर्षक उपहारहरु पनि प्रदान गरिएको थियो।

कम्पनीले शुक्रवार काँकरभिट्टास्थित सयपत्री डिलरको प्राङ्गणमा वासिङ मेसिन सञ्चालन विधि लगायतका मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्दैछ।

# ४५ वर्षपछि तोकियो 'औषध नियन्त्रण अधिकारी'

**काठमाडौं, पुस २९।** लागूऔषध नियन्त्रण ऐन, २०३३ जारी भएको ४५ वर्षपछि सो ऐनमा रहेको प्रावधानबमोजिम पहिलोपटक 'औषध नियन्त्रण अधिकारी' तोकिएको छ।

गृहमन्त्री बालकृष्ण खाँणको पहलमा नेपाल सरकार, मन्त्रिपरिषद्को यही पुस २१ गतेको बैठकले सो निर्णय गरेको गृह मन्त्रालयको लागूऔषध नियन्त्रण शाखाका प्रमुख उपसचिव गोकर्णप्रसाद उपाध्यायले जानकारी दिए। सरकारले मन्त्रालयको लागूऔषध नियन्त्रण शाखाका प्रमुख र सबै जिल्ला प्रशासन कार्यालयका एक-एक जना सहायक प्रमुख जिल्ला अधिकारीलाई 'औषध नियन्त्रण अधिकारी' तोक्ने निर्णय गरेको छ। यसअघि मन्त्रालयमा मुख्य औषध नियन्त्रण अधिकारीका रूपमा नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाका प्रमुखलाई तोकिएको थियो।

ऐनमा आवश्यकतानुसार एउटा वा बढी औषध नियन्त्रण अधिकारी, नायब औषध नियन्त्रण अधिकारी तथा अन्य अधिकारी तोक्न सक्ने व्यवस्था छ। मुलुकमा लागूऔषध प्रयोग, ओसारपसार, बिक्री वितरणका घटना तथा समस्या बढ्दै गएसँगै सर्वसाधारणको सदाचार, स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न उक्त व्यवस्था गरिएको उपाध्यायले बताए। यसअघि मन्त्रालयमा रहेको लागूऔषध नियन्त्रण शाखा र नेपाल प्रहरीको लागूऔषध नियन्त्रण व्यूरोबाट भइरहेका प्रयास र क्रियाकलाप अपर्याप्त देखिएकाले मन्त्रालय अन्तर्गतका ७७वटै जिल्ला प्रशासन कार्यालयलाई थप सक्रिय बनाउँदै लागूऔषधको कारोबार र प्रयोग नियन्त्रण गर्न 'औषध नियन्त्रण अधिकारी' तोकिएको मन्त्रालयले जनाएको छ।

'औषध नियन्त्रण अधिकारी'लाई लागूऔषधको नियन्त्रण र रोकथामका लागि सचेतना फैलाउने, लागूऔषध भित्रिने नाकामा अनुगमन गर्ने, प्रदेश र स्थानीय तहसँग समन्वय गर्ने, सोसम्बन्धी गतिविधिको मन्त्रालयमा रिपोर्टिङ गर्नेलगायत जिम्मेवारी तोकिएको छ।

## अग्रज ...

औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा बिजय बरालद्वारा निर्मित बिञ्जु मिडिया कर्नरद्वारा छायांकन गरिएको स्व. खनालको जीवनवृत्त समेटिएको वृत्तचित्र प्रदर्शन गरिएको थियो।

पछिल्लो समय झापालाई कर्मथलो बनाइ नेपाली साहित्य र पत्रकारिता क्षेत्रको सेवा गर्दै आएका गोपीकृष्ण खनालको गत २०७५ साल साउनमा सवारी दुर्घटनामा परी अकल्पनीय निधन भएको थियो। भारत पश्चिम बंगालको शिलगढीमा रहँदा स्थानीय बाङुली द्वैमासिक हुँदै नेपाली पत्रकारिता क्षेत्रमा प्रवेश गरेका खनालले विवेचना मासिक, अर्धसाप्ताहिक विश्वदीप, भानु, रहर, नयाँ विचार, मनकामना, नयाँ कामना लगायतका साहित्यक एवम् साप्ताहिक समाचारमा सम्वद्ध रहेर सेवा गरेका थिए।

सामाजिक सेवाका क्षेत्रमा ममेत सक्रिय खनाल वीरता जेसीजका संस्थापक सदस्य, सनातन धर्म सेवा समितिका सभापति, अर्जुनधारा जलेश्वर धाम, नेपाल विद्वत परिषद्, साहित्यिक पत्रकार संघ, विश्व हिन्दू महासंघ लगायत दर्जनौं संघ-संस्थामा आवद्ध थिए।

स्व. खनालको स्मृतिमा प्रकाशन गरिएको ग्रन्थको लोकार्पण समारोहमा साहित्यकार कोमलप्रसाद पोखरेल, मातृका संग्रौला, चिन्तामणि दाहाल, हस्त परियार लगायतले बोलेका थिए।

नेपाल पत्रकार महासंघ झापा उपाध्यक्ष केशव भट्टराईले कार्यक्रम सञ्चालन गरेका थिए।

## झापामा ...

प्लान्टको काम पनि अन्तिम चरणमा पुगेको छ। बोलपत्र भइसकेको छ- नगरप्रमुख राजेन्द्र पोखरेलले भने- चाँडै प्लान्ट सञ्चालन आउँछ।

कोरोना महामारीका बेला जिल्लामा एकका लागि एक अभियानले समेत अक्सिजन बैंक स्थापना गरेर चाहिएकालाई अक्सिजन उपलब्ध गराउँदै आएको छ। जिल्लामा पछिल्लो समय दैनिकजसो कोरोना सङ्क्रमितको संख्या बढ्दै गएको छ। पुस २४ गते ५, २५ गते ११, २६ गते २६, २७ गते १९ र २८ गते ३१ जनामा कोरोना सङ्क्रमण देखिएको थियो।

मेची प्रादेशिक अस्पतालमा सञ्चालित पीसीआर परीक्षणमा दैनिकजसो ८/९ जना सङ्क्रमित देखिन थालेका छन्। सूचना अधिकारी पोखरेलले भने- यसअघि परीक्षण गर्दा एकजना पनि सङ्क्रमण देखिँदैन थियो भने केहीसमयदेखि एक/दुई जनामा देखिँदै आएकोमा अहिले झनै बढ्न थालेको छ।

कोरोना सङ्क्रमण बढेसँगै जिल्ला प्रशासन कार्यालयले नौ बुँदे सूचना जारी गरेको छ। पुस २७ गते कार्यालयले कोरोना रोकथाम एवं नियन्त्रणका लागि सूचना जारी गर्दै सार्वजनिक स्थलमा भीड हुने कार्यक्रम नगर्न र २५ जनाभन्दा बढी भेला हुने गरी मेला, भेला तथा महोत्सव आयोजना नगर्न/ नगराउन निर्देशन दिएको छ।

सार्वजनिक स्थान (कार्यालय, होटल, रेष्टुरेन्ट, सिनेमा हल, रङ्गशाला, हवाईयात्रा, पार्क आदि) मा प्रवेश गर्दा अनिवार्य रुपमा कोभिडबिरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा वा फोटो कपी) साथमा राख्नुपर्ने र सम्बन्धित निकायले पनि खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था आगामी माघ ७ गतेदेखि लागू गर्न निर्देशनमा भनिएको छ।

उक्त दिनदेखि सार्वजनिक सेवा प्राप्त गर्नका लागि खोप कार्ड अनिवार्य गर्ने र सोको प्रचारप्रसारका लागि सबै स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी, सङ्घ संस्था र स्थानीय सञ्चारमाध्यमलगायत सबैमा अनुरोध गर्ने, नेपाल प्रवेश विन्दुमा एन्टिजेन परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउने पनि जिप्रकाले जनाएको छ।

## भद्रपुरमा वितरक आवश्यकता

**यस पूर्वाञ्चल दैनिक पत्रिका वितरणका लागि चन्द्रगढी क्षेत्रमा एक जना वितरण चाहिएको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला। साइकल हुने व्यक्तिलाई मात्र प्राथमिकता दिइने छ। तलब नियमानुसार हुनेछ।**

**सम्पर्क : ९८४२६२६३०९, ०२३-५३००४४**

## कर्मचारी आवश्यकता

**यस जि.आर.डि. कन्ट्रक्सन कम्पनी झापाको लागि**

**पद : सिभिल इञ्जिनियर** — **संख्या : १ जना**

**पद : साइड भिजिटर** — **संख्या : १ जना**

**तलब : आपसी समझदारीमा**

**सम्पर्क :**

**९८५१०९८८१९, ९८५११३०२१५, ९८०७९५९०४२**

## पेस्तोल ...

मिया, सोही स्थानका २५ बर्षीय सिकन्दर मलाहा र हरिनगर गाउँपालिका-६का २३ वर्षीय फरियाद अन्सारी रहेका छन्। सबिर मियालाई बुधवारराति सुनसरीको महेन्द्र चोकबाट पक्राउ गरिएको थियो। मियाको साथबाट प्रहरीले कटुवा पेस्तोल १ थान, गोली १ राउण्ड, र उनले प्रयोग गर्ने १ थान मोटरसाइकल बरामद गरिएको थियो।

यसैगरी मियाकै बयानका आधारमा अन्य ब्यक्तिहरु समेत हातहतियारसहित घुमफिर गरिरहेको भन्ने खुल्न आएसँगै तत्काल प्रहरी परिचालन भएकोमा, थप तीन जनालाई हतियारसहित पक्राउ गरिएको हो। सवरेज मियासहित अन्य तीन जनालाई बिहीवार बिहान इनरुवा क्षेत्रबाट १ थान पेस्तोल, तीन राउण्ड गोली, दुई थान म्यागजिन र उनीहरुले प्रयोग गरेको २ थान मोटरसाइकलसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

हातहतियारसहित पक्राउ परेका उनीहरुलाई हातहतियार तथा खरखजाना मुद्दामा म्याद थप लिई आवश्यक कानूनी प्रकृया अघि बढाइ थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ।

## अमेरिका ...

खुल्न आएको छ।

सोही आधारमा खोजतलासका क्रममा काठमाडौँको तारकेश्वर नगरपालिका-२ काभ्रेस्थलीबाट अघिल्लो महिनामा पक्राउ परेकी देवकोटालाई जिल्ला अदालत काठमाडौँको आदेशले पुर्पक्षका लागि कारागार चलान गरिएको प्रहरीले विहीवार एक सूचना जारी गरी जनाएको छ। केसीको भने खोजी जारी रहेको बताइएको छ।

## नाकामा ...

कडाइ गर्नेछौँ।'

अव्यवस्थित सरकारी सेवा प्रवाह व्यवस्थित बनाउन र सूचना आदानप्रदानका लागि सबै पक्षसित छलफल गरी चुस्तदुरुस्त वातावरण अहिलेको आवश्यकता रहेको बताउँदै उनले भने- 'जिल्ला बासिन्दाको भावनालाई समेट्ने गरी काम गर्नेछौँ।


आदरणीय सदस्यज्यूहरु

Software Migration का कारण

**२०७८ माघ २ गते आइतबार**

संस्थाको वित्तीय सेवाकेन्द्र अन्तर्गतका सम्पूर्ण कारोबार बन्द रहने जानकारी गराइन्छ।

सदस्यहरुमाझ यसबाट पर्न जाने समस्याप्रति क्षमाप्रार्थी छौं।

nmc for good culture & prosperity NMC coop 1994

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, झापा

सम्पर्क : ०२३-५६२८४७/५६३१८८

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


**श्री कनकाई माध्यमिक विद्यालय**

**कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)**

## कर्मचारी आवश्यकता

**दोस्रोपटक प्रकाशित (मितिः(२०७८।०९।२९)**

यस विद्यालयमा देहायका पदहरुमा खुला प्रतिष्पर्धाद्वारा पदपूर्तिका लागि तपसिलमा उल्लेखित योग्यता पुगेका आवश्यक तालिम प्राप्त नेपाली नागरिकहरुलाई विद्यालयमा हस्तलिखित दरखास्त दिन आह्वान गरिन्छ।

तपसिल

| क्र. सं. | विज्ञापन नं. | पद/संख्या | उमेर हद | शैक्षिक योग्यता | दरबन्दीको प्रकार | परीक्षाको किसिम | निवेदन दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | ५/२०७८/०७९ | विद्यालय सहयोगी (पियन) | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | एसएलसी/ एसईई | सरकारी | लिखित र अन्तरवार्ता | रु. ५००/- |
| १ | ६/२०७८/०७९ | सुरक्षा गार्ड | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | कक्षा-८ उत्तीर्ण | निजी | अन्तरवार्ता | रु. ५००/- |

**आवश्यक कागजात :** शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्रको प्रतिलिपि।

- **निवेदन दिने अन्तिम मिति :** २०७८/१०/१३ गते दिनको २:०० बजेसम्म ।
- **परीक्षा तथा अन्तर्वार्ताको जानकारीका लागि सम्पर्क मिति र स्थान :** मिति २०७८/०९/१४ गते दिनको १:०० बजे (विद्यालयमा)।
- **तलबमानः** कार्यालय सहयोगीका लागिः नेपाल सरकारले तोके बमोजिम।
- **सुरक्षा गार्डका लागिः** विद्यालय व्यवस्थापन समितिले तोके अनुसार।
- सुरक्षा गार्डको हकमा सेना वा प्रहरी सेवाबाट अवकाश प्राप्त उम्मेदवारलाई प्राथमिकता दिइने छ।
- सुरक्षा गार्डको हकमा माथि उल्लेखित योग्यता पुगेका उम्मेदवार आपूर्ति गर्ने गरी सेक्युरिटी कम्पनीले पनि संस्थागत रूपमा आवेदन दिन सक्नेछन्।

**थप जानकारीको लागि सम्पर्क : ०२३-५५२१२५**

**कर्णबहादुर डाँगीः प्रधानाध्यापक**


# एक्सेल डेभलपमेन्ट बैंक लि.

**Excel Development Bank Ltd.**

... तपाईंको स्थानीय साझेदार (Your Local Partner)

*नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)*

केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा

फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

**वि.स.२०७८ माघ ०१ गते (इ.सं.२०२२/०१/१५) देखि लागु हुने व्याजदर**

### निक्षेप

| निक्षेपको प्रकार | न्यूनतम मौज्दात | ब्याजदर (% प्रतिवर्ष) |
|---|---|---|
| **१.कल डिपोजिट** | | |
| (क) एक्सेल सुपर निक्षेप (ESD) | ० | अधिकतम ३.०० सम्म |
| (ख) कर्पोरेट डिपोजिट (CD) | ० | |
| **२.बचत खाता** | | |
| साधारण बचत (NS) | १०० | ६.०० |
| एक्सेल सुपर सेभिङ्ग(ESS) | १०० | ६.०० |
| महिला बचत (WS) | १०० | ६.०० |
| बिद्यार्थी बचत (SS) | १०० | ६.०० |
| बाल बचत (CS) | १०० | ६.०० |
| कर्मचारी बचत (KK) | १०० | ६.०० |
| जेष्ठ नागरिक वचत खाता(SCS) | १०० | ६.०० |
| नागरिक वचत खाता | ० | ६.४० |
| सामाजिक सुरक्षा भत्ता खाता | ० | ६.०० |
| लकर वचत खाता | १०००० | ६.०० |
| बम्पर बचत खाता | १०० | ६.०० |
| मेरो तलव खाता | ० | ६.९० |
| मेरो पेन्सन खाता | ० | ६.०० |
| हाम्रो बचत खाता | १०० | ६.०० |
| एक्सेल रेमिट खाता | ० | ८.४० |
| एक्सेल प्रिमियम वचत खाता | १००० | ७.४० |

**३.मुद्दति खाता**

| खाता प्रकार | ब्याजदर (%प्रतिवर्ष) — व्यक्तिगत खाताको लागि: मासिक ब्याज भुक्तानी | व्यक्तिगत खाताको लागि: त्रैमासिक ब्याज भुक्तानी | संस्थागत खाताको लागि: त्रैमासिक ब्याज भुक्तानी |
|---|---|---|---|
| ३ महिने मुद्दति खाता | १०.४० | ११.०० | १०.०० |
| ६ महिने मुद्दति खाता | १०.४० | ११.०० | १०.०० |
| ९ महिने मुद्दति खाता | १०.४० | ११.०० | १०.०० |
| १ वर्षे मुद्दति खाता | १०.४० | ११.०० | १०.०० |
| २ वर्षे मुद्दति खाता | १०.४० | ११.०० | १०.०० |
| २ देखि माथि ५ वर्षसम्मको | १०.४० | ११.०० | १०.०० |
| ५ बर्ष देखि माथि | १०.४० | ११.०० | १०.०० |
| एक्सेल रेमिट मुद्धति खाता | – | १२.०० | – |
| एक्सेल कर्पोरेट प्रिमियम मुद्धति निक्षेप खाता | – | – | १०.०० |
| संस्थागत मुद्धति निक्षेप (Bidding ) | – | – | १०.०० |

**४.क्रमिक बचत निक्षेप (नयाँ खाताहरुमा मात्र लागु हुनेछ)**

| अवधि | वार्षिक ब्याजदर % |
|---|---|
| १ वर्ष अवधि | ७.०० |
| २ वर्ष अवधि | ७.५० |
| ३ वर्ष अवधि | ८.०० |
| ४ वर्ष अवधि | ८.२५ |
| ५ वर्ष अवधि | ८.५० |

### कर्जा

| कर्जाको प्रकार | प्रिमियमदर(%प्रतिवर्ष) |
|---|---|
| १.संस्थागत (व्यवसाय कर्जा) (रु १ करोड भन्दा बढी) | +७.०० सम्म |
| २. रिटेल कर्जा | |
| उपभोक्ता कर्जा | +५.०० सम्म |
| शिक्षा कर्जा | +७.०० सम्म |
| घर कर्जा | +७.०० सम्म |
| मार्जिन (शेयर) कर्जा | +५.०० सम्म |
| व्यक्तिगत ओ.डी. कर्जा | +७.०० सम्म |
| व्यक्तिगत आवधिक कर्जा | +७.०० सम्म |
| निजी सवारी साधन कर्जा | +७.०० सम्म |
| व्यवसायिक सवारी साधन | +७.०० सम्म |
| विद्युतिय सवारी साधन | +५.०० सम्म |
| ३.रियल स्टेट कर्जा | |
| व्यवसायिक कर्जा | +७.०० सम्म |
| आवासिय घर कर्जा | +७.०० सम्म |
| जग्गा खरिद/प्लटिङ्ग | +७.०० सम्म |
| व्यक्तिगत आवधिक | +७.०० सम्म |
| ४. सुन चाँदी धितो कर्जा | +७.०० सम्म |
| ५.साना तथा मझौला कर्जा | +७.०० सम्म |
| ६.विपन्न वर्ग कर्जा: व्यक्तिगत तथा व्यवसायिक | +७.०० सम्म |
| थोक | +५.०० सम्म |
| ७.व्याज अनुदान सहितको सहुलियत कर्जा | +२.०० सम्म |
| ८.कन्सोर्टियम कर्जा | कन्सोर्टियम निर्णयानुसार |
| ९.मुद्धती रसिद धितोमा | मुद्धतीखाताको व्याजदरमा थप २ प्रतिशत वा अघिल्लो त्रयमासको आधार दरमा जुन बढी हुन्छ। |
| १०.छोटो आवधिक कर्जा (Short Term Loan) | +७.०० सम्म |
| ११. युवा तथा साना व्यवसायी स्वरोजगार कोष कर्जा | करार वमोजिम |
| १२.कृषि, हस्तकला तथा सीपमुलक व्यावसाय एवं उद्यम व्यवसाय (रु. १ करोड सम्म) | +२.०० सम्म |

**स्थिर व्याजदर प्रतिवर्ष आवधिक कर्जा (Fixed Interest Rate)**

| कर्जाको प्रकार | ५ वर्षसम्म | ५ वर्ष भन्दामाथि १० वर्षसम्म | १० वर्षभन्दा बढी |
|---|---|---|---|
| घर कर्जा | १२.५०% | १३% | १४% |
| व्यक्तिगत कर्जा | १३% | १३.५०% | १४.००% |
| सवारी कर्जा | १२.५०% | १३.५०% | - |
| व्यवसायिक कर्जा (आवधिक) | १२.००% | १३% | १४% |

**नोटः**

- बैकको गत त्रयमास (२०७८ आश्विन मसान्त सम्म) को औसत आधार दर ७.६६% रहेको छ र ऋणीपिच्छे लागू हुने परिवर्तनीय व्याजदर भने उल्लेखित प्रिमियमदरको सिमाभित्र कर्जाको प्रकार, रकम, भुक्तानी अवधि, जोखिमको स्तर तथा विद्यमान कर्जाका हकमा कर्जाको शर्तहरुको परिपालना लगायतका आधारमा तय हुनेछ।
- सामाजिक सुरक्षा भत्ता वापतको रकममात्र जम्मा हुने व्यक्तिगत निक्षेप खाता तथा अक्षयकोष मुद्दती निक्षेपको हकमा नियामक निकायको निर्देशन बमोजिम हुनेछ।
- बैंकको जमानत/प्रतितपत्र दावी भुक्तानीमा तत्काल लागू रहेको अधिकतम ब्याजदर लाग्नेछ।
- ऋणीले जुन उद्देश्यको लागि कर्जा लिएको हो सो उद्देश्यमा कर्जा प्रयोग नगरेको, धितो सम्पतिमा हानी नोक्सानी गरेको पाइएमा तथा कर्जा आव्हान पत्रमा उल्लेख भएको शर्त तथा बन्देजहरुको पालन नभएको तथा थप कर्जा नोक्सानी व्यवस्था आवश्यक हुने ऋणीहरुको कर्जाको व्याजदरको हकमा प्रिमियम दरमा अतिरिक्त २% सम्म थप गर्न सकिने छ।
- विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा सम्वन्धी व्यवस्था बमोजिम जेष्ठ नागरिक, दलित, मुक्तकमैया, वादी, हलिया, द्वन्द्व पिडित, एकल महिला तथा फरक ढंगले सक्षम व्यक्तिलाई प्रवाह गर्ने विपन्नवर्ग कर्जाको व्याज दरमा एक प्रतिशत सहुलियत हुनेछ।
- साविकको हाम्रो सुरक्षा वचत खाताको नाम परिवर्तन गरी हाम्रो वचत खाता राखिएको छ।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# शर्त बन्देजको पालना गराऊ

**कुनै नयाँ वस्तुको रचना गर्न पुरानो भङ्ग नै गर्नुपर्छ भन्ने मानसिकता बलियो भएको छ यसबेला । त्यहीकारण पुराना वस्तुहरु जो विगतका साक्षी हुन्, होलान् ती भविष्यका लागि इतिहास र वर्तमानका लागि गौरवयोग्य वस्तु पनि । तर हाम्रो मानसिकता नै इतिहासबोध नगर्ने, अग्रज तथा अघिल्लो पुस्ताप्रति गौरव नगर्ने बन्दै गएको छ । त्यही मानसिकताले विगतमा आन्दोलनका नाममा विगतका स्वर्णीम दिन जो इतिहास बनेका थिए ती सबै अभिलेखहरुबाट, स्मृति र भौतिकताबाट विस्मृत पार्न भत्काइए, भङ्ग गरिए । यसले पुर्खा नै नभएको तर तिनै पुर्खाले खुन-पसिनाले आर्जन गरेको र त्यही आर्जित योगदानको ब्याज खाएर रमाउने कृतघ्न जातिको लहरमा उभ्याउन थालेको छ ।**

**एकातिर आममानसिकता इतिहास नमान्ने बन्दैछ भने अर्कातिर व्यक्ति लाभका निम्ति जस्तोसुकै कर्म गर्न पछि नपर्ने संस्कार बस्दैछ । देशको भौतिक विकासका लागि भनेर गरिने संरचना निर्माणमा हुन थालेको लापरवाही र अनुत्तरदायीपूर्ण कामले त्यसको उदाहरण दिन थालेको छ । शर्त, प्रतिबद्धता र वैधानिक आधार मिचेर गरिने अमसल काम त्यसको एउटा नमूना हो भने अर्को उदाहरण हो- समयमा काम नगर्ने, गरे पनि सम्पन्न नगर्ने र आममानिसलाई कष्ट दिने मानसिकता । हाम्रा धेरै आयोजनाहरुमा यस्तो समस्या असाध्य रोग भएर बसेको छ । त्यसको उपचार गर्नुपर्ने राजनीति र शासन सत्ताका सञ्चालकहरुले हो जो स्वयम् अनधिकृत र व्यक्ति लाभको घनचक्करमा हराएका छन् ।**

**त्यस्तै अव्यवस्थाको शिकार भएका छन् भद्रपुर-५ का बासिन्दा । निर्माणाधीन अवस्थामा रहेको हुलाकी मार्गमा पर्ने बसपार्क नजिकको जीर्ण पुल तत्काल बनाउने शर्तमा भत्काइयो । पुरानो र राजमार्गको मापदण्डमा नभएको सो पुल ट्रिपल सेल बक्स विधिमा निर्माण गर्ने ठेक्का खामपाते सेर्पा निर्माण सेवा काठमाडौंले लिएको छ । तीव्रगतिमा निर्माण सम्पन्न गर्ने सहमतिमा भत्काइएको पुल पन्ध्र दिनमा पनि निर्माण कार्य आरम्भ नभएपछि स्थानीय आक्रोशित बनेका छन् । स्थानीयबासीको भद्रपुर बजार, मेची पुल जाने एकमात्र सो सडकमा भएको पुल भत्काएपछि त्यहाँको आवागमनमा मात्र होइन भद्रपुरको व्यापार व्यवसाय नै प्रभावित भएको छ । विकल्प पनि तयार नगरी भत्काइएको पुलका कारण समस्या भएपछि स्थानीय आक्रोशित भएका हुन् । समयमा शर्त अनुसार काम नगर्नेलाई स्थानीय सरकारले कानूनी दवाव दिनुपर्ने स्थानीयको मागलाई तत्काल सम्बोधन गरिनुपर्छ ।**

# दुर्लभ प्रजातिको चरा 'पाङ्रो खाने हाङ्रो'



तुलसीराम खरेल

यो महिना जैविक विविधताको क्षेत्रमा नेपालमा एउटा रोचक घटना घट्न पुगेको छ। झण्डै दुई सय बर्षयता कसैले नदेखेको भनिएको हाङ्रो चरा फेला परेको छ। लोप भइसकेको भनिएको हाङ्रो देखिनुले खुशीको लहर छाएको छ। पाङ्रो जस्तो ठूलो र कडा बीऊ सुलुक्कै निलिदिने हाङ्रो हराएको र पुनः भेटिएको चाखलाग्दो विवरण यस आलेखमा अटाउने प्रयास गरिने छ।

सन् १८२९ डिसेम्बर २१ तारिखको दिन हड्सन भन्ने प्रकृतिविद्ले पूर्वी नेपालको पहाडी क्षेत्रमा रहरलाग्दो पक्षी देखे। अक्सर गरेर चुच्चो ज्याँदै ठूलो लाग्ने उक्त चराको नामकरण 'बुसिरोस निपालेन्सिस' भनेर उनैले गरे। उनले स्थानीय नेपाली नाम 'होमराई' भनेर उल्लेख गरेको उक्त चरो हाङरो हो। उच्चारण नबुझेर त्यसो भनेको हुनसक्ने जैविक विविधताका अधेता कमल मादेनले बताएका छन्। चुच्चोमाथि थप हाड पदार्थ खाग जमेको चरोलाई 'बुसेरस' या धनेश चरो भनिन्छ। तर, उक्त चरोमा त्यस्तो थप हाडीय पदार्थ जमेको नपाइएकोले 'बुसेरस' नामको सट्टा 'असेरस' भन्ने नाम राखियो। अब त्यस चरोको नाम 'असेरस निपालेन्सिस' बन्न पुग्यो।

सन् १८४८ नोभेम्बर ९ तारिखको दिन महान वनस्पतिशास्त्री जोसेफ डाल्टन हुकर इलामबाट ताप्लेजुङको ओलाङ्चोङ्गोलातर्फ यात्राको क्रममा थिए। उनको प्रमुख उद्देश्य हिमालय क्षेत्रमा पाइने वनस्पतिहरुको नमूना सङ्कलन र अध्ययन थियो। प्रकृतिविद् हुकरको आँखा एकदमै अचम्म पार्ने सुन्दर चरामथि पर्यो। उनी टक्क अडिए। मज्जाले अघाइन्जेल चरालाई हेरे तर उनको प्यास मेटिएन। उनले आफ्नो यात्रा वृत्तान्तमा लेखेका छन्- 'मझौला पहाडमा हामी उक्लदै उत्तरतर्फ लाग्यौं, रमणीय वनको बाटो लोभलाग्दो थियो, वनभरि धनेश चरा नाचिरहेका देखिन्थे।

जसको आकार-प्रकार टुकन चरासँग मिल्दोजुल्दो थियो।' उनले तुलना गर्न खोजेको टुकन चरा दक्षिणी अमेरिकामा ज्याँदै प्रख्यात थियो। टुकनको सानो टाउकोले विशाल चुच्चो अड्याउनु चानचुने कुरो हुन्न थियो। हुकर पनि यसलाई बुसेरोस नै भनेर झुक्किएका थिए भनेर अध्येता मादेन बताउँछन्। बुसेरोस र असेरोस जेनेरिक नाम पाएका चराहरुले धेरैलाई झुक्याएको कारण, तिनीहरुबीचको शारीरिक र आन्तरिक सम्रचनागत पृथकताबारेको लामै लेख मादेनले लेखेका छन्। नेपाली चराविद्हरुमा समेत भ्रमहरु रहेको र उक्त भ्रमहरु अब नरहने कुरामा सबै ढुक्क बन्नुपर्ने हुन्छ। अर्कोतर्फ मोफसलका वाईल्ड्लाईफ फोटोग्राफर देवेन खरेलले खुद आफैंले खिचेका



तस्विरहरु असेरस निपालेन्सिस कै भएका र यसले हाङ्रो नेपालबाट लोप भइसकेको छैन भन्ने प्रमाणित गरेको छ।

हड्सनले नामाकरण गरेको र टुकन भनेर हुकर झुक्किएको उक्त चरो 'रुफस नेक्ड हर्न बिल' अर्थात् 'असेरस निपालेन्सिस' हो। हड्सनले सन् १८२९ मा देखेयता कुनै चरा विज्ञले उक्त चरा नदेखेको, नभेटेको भनेर यसलाई आईयुसीएनले समेत १९९४ यता लोपोन्मुख भनेर उल्लेख गर्यो। पछि यो नेपालबाट लोप भइसकेको भनियो। यस कुरामा वनस्पतिशास्त्री एवम् नेपालको जैविक विविधताको क्षेत्रमा पछिल्लो दिनमा रोचक ढंगले कलम चलाउँदै आएका कमल मादेन सहमत थिएनन्। उनले चरा विज्ञहरुको पूरा अध्ययबिना हाङ्रो लोप भइसकेको भनिनु दुःखको कुरा भएको आफ्नो लेख मार्फत उल्लेख गरेका थिए। उनकै सल्लाह बमोजिम झापा काँकरभिट्टाका वाईल्ड लाईफ फोटोग्राफर देवेन खरेल उक्त चरा भेटिन्छ भन्ने कुरामा केही आशावादी थिए।

सन् २०२१ डिसेम्बर २१ याने वि.सं.२०७८ पौष महिनाको ६ गते देवेन खरेल ताप्लेजुङतर्फको यात्रामा निक्ले। सैयौं चराहरुका रोचक फोटाहरुले मन लोभ्याउन सक्षम खरेल इलामको सूर्योदय नगरपालिका वडा नम्बर १ मा रहेको सिमधाप भन्ने क्षेत्रमा अडिए। उनका आँखामा एक जोडी सुन्दर चराको दृश्य पर्यो। उनी आफ्नो केमेराले दर्जनौं फोटो खिच्न सफल भए। उक्त चरा अर्को कुनै नभएर सन् १८२९ मा हड्गसनले ब्याख्या गरेको हाङ्रो नै थियो।

आधिकारिक रुपमा १९२ बर्षपछि नेपालमा यो पाइएकोले सबै जैविक विविधताको क्षेत्रमा काम गर्ने र रूची राख्नेका लागि खुशीको कुरा बन्न पुग्यो। खरेल खुशी नहुने त झन कुरै रहेन। उनीभन्दा बढी खुशी त कमल मादेन बनेका छन्। त्यसपछि मादेनले यसै बिषयमा गज्जबले कलम चलाएका छन्। ग्लोबल भोइसमा सञ्जिव चौधरीले लेखेका छन्। अनलाईन खबर, नयाँ पत्रिका लगायतमा मादेनले लेखे। त्यस्तै कान्तिपुर दैनिक लगायतमा यसबारेका समाचारहरु प्रकाशित भए।

जङ्गलमा एक प्रकारको लहरे प्रजातीको वनस्पतिको ठूलो तथा कडा बीऊलाई पाङ्रो भनिन्छ। उक्त पाङ्रोलाई सुलुक्कै निलिदिने चरा नै हाङ्रो हो। मानिसहरुमा 'पाङ्रो खाने हाङ्रो', 'हाङ्रोले जस्तो खानु अलच्छिन हो' आदि यस सम्बन्धी प्रचलित लोक भनाइहरु रहिआएका छन्। यो नेपालबाट हराएको भन्ने कुरा एउटा भ्रम मात्र रहेको प्रमाणित भएको छ। यसको वासस्थान ठूला चौडा पात भएको जङ्गल हो र त्यो इलामको सूर्योदय, रोङ्ग र सन्दकपुर क्षेत्रमा प्रशस्त रहेकोले हाङ्रोको वासस्थान त्यही हुन सकेको हो।

फेरि नजिकै भारतमा रहेको सुकुना वन्यजन्तु आरक्षणमा केही भारतीय फोटोग्राफरहरुले यसको पहिचान गरेका र पूर्वोत्तर भारत र मेची पहाडी जिल्लाहरु हाङ्रोको वासस्थान बन्न रहेको पक्का हुन्छ। अब यसको प्रजनन केन्द्र खोल्न वैज्ञानिक अध्यन थाल्न, यसको संरक्षणको लागि पाइला चाल्न स्थानीय, प्रादेशिक र संघीय सरकारहरुले ढिलो गर्नुहुन्न। अर्कोतर्फ आईयुसिएनले आफ्नो सूची तुरुन्तै सुधार्नुपर्ने देखिन्छ।

*tulasikharel2015@gmail.com*

# जौबारी बजारको चहलपहल घट्यो

इलाम सन्दकपुर गाउँपालिकाका-३ का कोषराज खतिवडा एक दशकअघिसम्म यो मौसममा मटरको हरियो कोषा बोकेर जौबारी बजार गइन्थ्यो । मटरको हरियो कोषा बेचेर त्यहाँबाट खाद्यान्न किनेर ल्याउनुहुन्थ्यो ।

हरियो मटर कोषा बेचेर खाद्यान्न ल्याउने उनी मात्र होइन । त्यस क्षेत्रका धेरै स्थानीयबासीको गुजारा त्यसैगरी बित्थ्यो । उत्पादित वस्तु जौबारी बजार पुर्‍याउने र दैनिक उपभोग्य वस्तु नेपाल भित्र्याउने । जौबारी नेपाल भारतको सीमावर्ती बजार हो । सीमावर्ती बजार भए पनि त्यहाँ अधिकांश व्यापारी भारतीय नै हुन्थे । त्यस बजारमा नेपालमा उत्पादित वस्तुको मूल्य बढी पर्ने गरेको सन्दकपुर गाउँपालिकाका किसान खतिवडाको भनाइ छ ।

विशेष गरेर अलैंची, कुचो, अदुवा लगायतका वस्तु सो बजारमा महँगो मूल्यमा बिक्ने गरेको थियो । त्यस्तै नेपालीहरुका घरमा उपभोग गर्ने चिनी, तेल, नुन र चामल पनि सस्तो मूल्यमा पाइने गरेको थियो । सस्तो मूल्यमा उपभोग्य वस्तु पाइने भएकाले हालको सन्दकपुर गाउँपालिका मात्र नभइ, माइजोगमाई गाउँपालिकाका अधिकांश किसानको मुख्य बजार नै जौबारी रहेको थियो । इलाम नगरपालिकाको पनि पायक पर्ने स्थानका उपभोक्ता सोही बजारमाथि भरपर्ने गरेका थिए ।

जौबारी बजार जिल्ला कै फस्टाएको बजारका रुपमा परिचित थियो । भारतीय सीमासँग जोडिएका कारण किसानले सयैं खालका सामान खरिद-बिक्री गर्ने केन्द्रको रुपमा नै विकसित भएको थियो, जौबारी बजार । भारतीय व्यापारीको बाक्लो बसोबास भएकाले नेपाली गाउँघरमा उत्पादित कृषि बाली सजिलै भारतीय बजारसम्म जाने गर्दथ्यो ।

इलामको सन्दकपुर गाउँपालिकामा पर्ने जौबारी भारतीय सीमा जोडिएकोले विभिन्न प्राकृतिक सुन्दरतासँगै आफैंमा पनि पर्यटनको धेरै सम्भावना बोकेको ठाउँ हो । हिउँदमा प्रायः हिउँ परिरहने र चौरी क्षेत्र समेत भएको हुँदा भारत लगायत अन्य देशका विदेशी पर्यटक दार्जिलिङ हुँदै जौबारी नघुमी फर्कदैन थिए । इलाम सदरमुकामको बिब्ल्याँटे बजार र माइजोगमाई गाउँपालिकाको नयाँ बजारमा भन्दा बढी चहलपहल र ठूलो बजारको रुपमा रहेको थियो, जौबारी । त्यसैले पनि सबै जौबारी जानैपर्ने बाध्यता जस्तै भएको सन्दकपुर गाउँपालिका- ३ का सन्तोष खतिवडाको भनाइ छ ।

त्यसो त हिउँदको समयमा गाउँघरमा गाडी पुग्ने ठाउँसम्म आफैं किसानले मागेको उपभोग्य सामान लिएर व्यापारी आउने र किसानले उत्पादन गरेको सरसमान लिएर जाने गर्ने गरेको नेपाल पत्रकार महासंघ इलामका अध्यक्ष विप्लव भट्टराईले बतानुभयो । हाल इलाम सदरमुकाममा बसेर पत्रकारिता गर्ने भट्टराई सोही क्षेत्रका स्थानीयबासी पनि हुनुहुन्छ । उहाँले जान्दा जौबारी बाहेक अन्य स्थानमा बजार भनेर जानु पर्दैनथ्यो । पछिल्लो समय सडकको सुगमतासँगै धेरै ठाउँमा बजार विस्तार हुन थालेपछि जौबारी बजार व्यापारका हिसाबमा इतिहासमा सीमित बन्ने पक्का जस्तै भएको छ ।

पछिल्लो समय निकै ठूलो कारोबार हुने बजार खुम्चिँदै गएको छ । जिल्लाको सन्दकपुर गाउँपालिका र माईजोगमाईको प्रमुख बजारका रुपमा परिचित जौबारी हाल सुनसान जस्तै बनेको छ । व्यापार फस्टाएकाले नेपालको छोटी भन्सार पनि त्यो समयमा राखिएको थियो । यसरी जौबारी व्यापारी केन्द्रको रुपमा राम्ररी फस्टाउँदै गएको समयमा नेपालको १० वर्षे सशस्त्र द्वन्द्वले जौबारीलाई पनि अछुतो राख्न सकेन ।

भएको प्रहरीचौकी पनि सुरक्षाको कारण देखाउँदै सदरमुकाम तानिएपछि भारतीय व्यापारीले दिनगन्ती गन्दै जौबारी छोड्न थाले । हुन त सो क्षेत्रका सशस्त्र प्रहरीको बिओपी स्थापना भइसकेको छ । तर बिओपी स्थापना हुँदैमा अब सो बजार स्थापना हुनसक्ने स्थितिमा नै छैन । त्यहाँ रहेको थोरै व्यापारी पनि किसानले आफूले उत्पादित सरसमान अन्तै लान थालेकाले भएको व्यापार चल्न छोडेको भन्दै आ-आफ्नै ठाउँ पलायन भएको बताइएको छ । हाल जौबारी प्रायः सुनसान रहेको स्थानीयबासी थुक्तेन नोर्बुलामाको भनाइ छ । उहाँले भारतीय व्यापारी विस्थापित भएपछि बजार सुनसान जस्तै भएको बताउनुभयो । सो बजारमा नेपाल तर्फबाट व्यापारीले समेत चासो नराखेपछि बजार सुनसान बन्दै गएको हो । सरकारी क्षेत्रबाट समेत सो क्षेत्रमा चहलपहलका लागि कुनै प्रयास नभएको उहाँले बताउनुभयो ।

हुन त जौबारीमा कृषि अनुसन्धान केन्द्र समेत स्थापना भएको छ । यसरी दिनप्रतिदिन बजार सुनसान हुन थालेसँगै किसानले आफूले भने जस्तो आफ्नो समानको मूल्य पाउन छोडेपछि उत्पादित



वस्तु त्यहाँ बिक्रीका लागि लान छोडेका छन् । विशेषतः त्यस क्षेत्रका बासिन्दा कृषि क्षेत्रमा लागि परेका छन् । किसानले उत्पादन गरेको घीउ र छुर्पी समेत त्यस बजारमा महँगो मूल्यमा बिक्री हुने गरेको थियो । जौबारीको चहलपहल घटेसँगै घीउ, छुर्पीले पनि बजार पाउन छाडेको छ । किसानले भारतका बजारमा पठाउने घीउ, छुर्पीको समेत मूल्य कम पाउन थालेपछि त्यस बजारमा उत्पादित बस्तु लैजान छोडेको स्थानीयबासी दावा शेर्पाको भनाइ छ । किसानले घीउ, छुर्पी तथा कृषि उपज बिक्री गरेर खाद्यान्न मात्र होइन, कपडा लगायत अन्य सामग्री समेत ल्याउने गरेका थिए । तर, हाल बजारमा सामान पनि छैन स्थानीय बजारमा किनमेल भनेर जाने गरेका पनि छैनन् ।

सीमा क्षेत्रमा रहेको जौबारी मात्र होइन, जिल्लामा सञ्चालित अन्य बजारको अवस्था समेत उस्तै छ । जिल्लाको मानेभञ्ज्याङमा समेत उस्तै भीडभाड हुने गरेको थियो । इलामको भारततर्फ जाने मुख्य नाका मानिएको पशुपतिनगरमा समेत चहलपहल कमी नै भएको छ । तर, यहाँ किनमेल नै ठप्प भएको भने हैन । व्यापारमा कमी आएपछि त्यहाँका व्यापारी विस्थापित हने खतरा बढेको छ । विशेष गरेर पशुपति नगरमा हाल कपडा कै व्यापार बढी हुने गरेको छ । कपडा मात्र बेचेर बजार कायम रहिरहन नसक्ने व्यापारी पवि राईको भनाइ छ । उहाँले कहिले व्यापार नै नगरी बेलुका सटर तानेर हिँड्नु परेको समेत बताउनुभयो । यो कोरोनापछि अझ व्यापार घटेको छ ।

पलायन हुन लागेका व्यापारीलाई थाम्न सरकारले विशेष प्याकेजका कार्यक्रम ल्याउनुपर्ने स्थानीयबासीको भनाइ छ । व्यापारीलाई सहुलियत दरमा ऋणको व्यवस्था मिलाउन सके पनि हदसम्म समस्याको समाधान हुने सो क्षेत्रका व्यापारीको भनाइ छ । सूर्योदय नगरपालिकास्थित उद्योग वाणिज्य सङ्घका अध्यक्ष प्रमोद राईले समेत सो क्षेत्रमा चहलपहल बढाउन निजी क्षेत्रबाट मात्र सम्भव नभएकाले सरकारी निकायबाट पहल चाल्नुपर्नेमा जोड दिनुभयो ।

त्यस क्षेत्रका भारतीय व्यापारी भारत नै फर्किन थालेका छन् भने स्थानीय व्यापारी बिर्तामोड, विराटनगर लगायत स्थानमा आउन थालेको व्यापारीको भनाइ छ । स्थानीय सरकारले सहुलियतका कार्यक्रम ल्याउन सके पलायन हुन लागेका व्यापारी थामिने व्यवसायीको भनाइ छ । बैंकहरुसँग सहकार्य गरेर समेत सो कार्यक्रम सञ्चालन हुनुपर्ने उनीहरुको भनाइ छ ।

कोभिड शुरु भएपछि सीमा क्षेत्रमा मात्र होइन, धेरै ठाउँमा यस्तै समस्या भएको व्यापारीको भनाइ छ । तर, सीमा क्षेत्रमा कसैको आँखा नपुगेको सो क्षेत्रका व्यापारीको दुखेसो छ । कोरोना संक्रमणको बढ्दो जोखिमका कारण यतिबेला भारतीय पर्यटकको भीड लाग्ने इलामका पशुपतिनगर, मानेभञ्ज्याङ, छब्बिसे, जौबारी, सन्दकपुर लगायत सीमावर्ती बजार र पर्यटकीय स्थल प्रायः सुनसान भएका छन् ।

# केन्ट आर.ओ.को डेमो भाटभटेनीहरुमा








**झापा, पुस २९।** केन्ट आर.ओ.ले स्वच्छ पानीको आवश्यकता देखाउँदै विभिन्न ठाउँका भाटभटेनीमा डेमो गर्दैछ ।

कलंकीको भाटभटेनी र पुल्चोकस्थित भाटभटेनीमा सफल रुपमा डेमो गरिसकेको कम्पनीले जनाएको छ भने आज शुक्रबार र शनिबार राधे राधे, भक्तपुरस्थित भाटभटेनीमा डेमो गर्ने बताइएको छ ।

त्यसैगरी हरेक शुक्रबार र शनिबार नयाँ ठाउँमा डेमो गर्ने लक्ष्य कम्पनीको रहेको बताइएको छ । राधे राधेपछि चुच्चेपाटी, महाराजगञ्ज हुँदै विभिन्न ठाउँको भाटभटेनीमा डेमो गर्ने इ.ओ.एल.प्रा.लि.ले जनाएको छ ।

तोकिएको अवधिमा, प्रत्येक केन्ट आर.ओ.को खरिदमा रु. तीन हजारको विशेष छुटका साथै केन्ट ह्यालोजन हिटर पनि सित्तैमा उपलब्ध हुने कम्पनीले जनाएको छ ।

